# पाकिस्तानका पूर्वप्रधानमन्त्री खानलाई १४ वर्ष जेल सजाय



इस्लामावाद, माघ १७ । पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई भ्रष्टाचार अभियोगमा बुधबार १४ वर्षको जेल सजाय सुनाइएको छ । खानसँगै उनकी पत्नी बुशरा बीबीलाई पनि जेल सजाय सुनाइएको छ ।

राज्यको गोप्य सूचना चुहावट गरेको मुद्दामा १० वर्ष जेल सजाय सुनाइएको एक दिनपछि भ्रष्टाचार अभियोगमा खानलाई १४ वर्ष जेल सजाय सुनाइएको हो । राष्ट्रिय निर्वाचनको एक साता अघि पूर्वप्रधानमन्त्री खान र उनकी पत्नीलाई १० वर्षसम्म कुनैपनि सार्वजनिक पद धारण गर्न अयोग्य घोषित गरिएको छ । उनलाई ७८ करोड ७० लाख पाकिस्तानी रूपैयाँ जरिवाना समेत तोकिएको छ ।

आगामी बिहीबार पाकिस्तानमा राष्ट्रिय निर्वाचन हुँदै छ । करिब १२ करोड ७० लाख मतदाताले मतदान गर्दैछन् । चुनावको एक साता अघि खानलाई जेल सजाय सुनाइएपछि खान र उनको दल तेहरीक-ए-इन्साफ (पीटीआई) बहसको केन्द्रमा छ ।

सन् २०२२मा सत्ताच्युत भएयता खानलाई पाकिस्तानका सैन्य योजनाकारविरूद्ध अवहेलनाको अभियान चलाई पुनः सत्तामा फर्कन नदिन अदालती मुद्दा लगाइएको थियो । गत वर्ष मे महिनामा खानलाई पक्राउ गर्दा देशभर दङ्गा भड्किएको थियो । सडक आन्दोलनलाई सैन्य दमनद्वारा निष्क्रिय पारिएको थियो भने हजारौं पीटीआई समर्थकहरू हिरासतमा लिइएको थियो ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय

**गोरखा सडक योजना**

गोरखा

**आर्थिक प्रस्ताव खोलिने मिति सारिएको सूचना**

प्रकाशित मिति: २०८०।१०।१८

यस योजना कार्यालयले मिति २०८०।१०।११ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा सूचना नम्बर T6–080/81 बमोजिम आर्थिक प्रस्ताव खोलिने मिति २०८०।१०।१८ गते दिनको १:०० बजे भनि सूचना जारी गरिएकोमा ठेक्का नं. 11CRP/33701169–4/080/81–31 को आर्थिक प्रस्ताव खोलिने मिति विषेश कारणले मिति २०८०।१०।२१ गते दिनको १:०० बजे खोलिने गरि सारिएको व्यहोरा जानकारी गराईन्छ ।

**योजना प्रमुख**



**मकालु गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
नुम, संखुवासभा
कोशी प्रदेश, नेपाल

**सार्वजनिक अनुरोध**

**घटना कसले दर्ता गर्ने ?**
१. जन्म तथा मृत्यूको दर्ता परिवारको मुख्य व्यक्तिले ।
२. विवाह तथा सम्बन्ध बिच्छेद घटना पति पत्नी दुबै ।
३. बसाइसराइको घटना परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाइ सरि जाने व्यक्तिले

**व्यक्तिलाई हुने फाइदा के हुन् ?**
१. घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकाले जुनसुकै अड्डा अदालतमा प्रमाणको रूपमा प्रस्तुत गर्न सकिन्छ ।
२. आमा, बुबा उमेर आदिका वैधानिक प्रमाण हुने । ३. स्कुलमा भर्ना हुनका लागी सजिलो हुने ।
४. नागरिकता प्रमाण पत्र लिन सजिलो हुने । ५. नाता कायम गर्न सजिलो पर्ने ।
६. चलअचल सम्पत्ति नामसारी गर्न सजिलो पर्ने ।
७. पतिपत्नी बिच बैधानिक सम्बन्ध कायम हुने ।
८. जीवन बिमा, पेन्सन, उपदान वा बैंकबाट रकम झिक्न सुविधा हुने ८. विदेश जानका लागी भिसा प्राप्त गर्न सुविधा हुने ।

**समाज वा राष्ट्रलाई हुने फाइदा**
१. राष्टिय जनसंख्या निति तर्जुमा गर्न मद्धत मिल्ने ।
२. शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवा उपलब्ध गराउन मद्धत मिल्ने ।
३. खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
४. आवासको ब्यबस्था गर्न सहयोग हुने ।

**घटना घटेको ३५ दिन भित्र घटना दर्ता गराऔं । सभ्य नागरिकको परिचय दिऔं ।**



**आमाछोदिङमो गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेसी, रसुवा
बागमती प्रदेश, नेपाल

**बालेपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०८०/१०/१८)

यस कार्यालयबाट तपसिल बमोजिम मिति २०८०/०९/०४ को आर्थिक दैनिकमा बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) अनुसार तथा सार्वजिनक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | सूचना प्रकाशित मिति | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १. | AAMA/WORKS/NCB/03-2080/081 | नेसिङ देखि सानो हाकु हुँदै ठुलो हाकु जोडने सडक निर्माण | २०८०/१०/१८ | श्री के. एल.के. निर्माण सेवा, कालिका-०२, रसुवा । | ६१,५४,६८७/१९ |

**प्रमुख प्रशासकीय अधिकृत**




**पञ्चकन्या बचत तथा ऋण सहकारी संस्था लि.**
वि.न.पा.-२, विदुर, नुवाकोट
फोन नं. : ०१०-५६०६४४

**धितोमा रहेको घरजग्गा गोप्य सिलबन्दीद्वारा लिलाम बिक्री हुने ३५ दिने अत्यन्त जरुरी सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/१०/१८ गते)

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम सहकारी संस्थासँग गर्नुभएको तमसुक शर्त कबुलियत बमोजिम तिर्न, बुझाउनको लागि यस संस्थाबाट पटक-पटक मौखिक तथा लिखित तार-ताकेता गर्दा ऋणीले कर्जा नियमित तथा चुक्ता गर्नेतर्फ चासो नदेखाई आँलटाँल गरी बसेकाले संस्थाले कर्जा असुलउपर गर्नका लागि तपशिल बमोजिमको चल-अचल सम्पति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को नियमानुसार गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने सम्बन्धी यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । उल्लेखित सम्पति खरिद गर्न इच्छुक महानुभावले तपशिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन आब्हान गरिन्छ । यो सूचना प्रकाशित भएको मितिले ३६ (छत्तिस) औं दिनको २ बजेभित्र गोप्य सिलबन्दी बोलपत्र संस्थाको कार्यालय वि.न.पा.-२, विदुरमा दाखिला गर्नुहुन इच्छुक ब्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३६ (छत्तिस) औं दिन (सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै संस्था खुलेको दिन) बोलपत्र बुझाएको सोही दिन संस्थाको कार्यालय विदुरमा दिनको ठिक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बृद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्र संस्थाले बिना कुनै कारण दर्साई स्वीकार वा अस्वीकार गर्न सक्ने ब्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र तिर्न, बुझाउन बाँकी सम्पूर्ण कर्जाको साँवा-ब्याज तथा हर्जनालगायतका अन्य दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फर्छ्यौट गर्न, गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानीकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत कर्जा चुक्ता नभएमा कर्जाको सुरक्षणको रुपमा संस्था समक्ष रहेको तपशिलमा उल्लिखित अचल सम्पत्ती जे-जस्तो अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन २०७४ र बचत तथा ऋण कार्यविधी २०७७ को कानुनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्यादभित्र प्राप्त हुन आएका गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणबश तपशिलमा उल्लिखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य ब्यवस्था गरी बेचबिखन गर्न सक्ने वा नियमानुसार संस्थाले सहकारी ऐन २०७४ परिच्छेद १४ दफा ७९ को उपदफा ६ अनुसार आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त सम्पत्तिबाट संस्थाको सम्पूर्ण बक्यौता असुलउपर नभएमा प्रचलित कानुन बमोजिम असुलउपर गरी लिइने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल :**

| क्र. सं. | ऋणीको विवरण | ऋणीको फोटो | धितो रहेको अचल सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | **ऋणीको नाम थर : ठाकुरप्रसाद खतिवडा**<br>बुबाको नाम : सोमप्रसाद खतिवडा<br>बाजेको नाम : डण्डप्रसाद खतिवडा<br>ना.प्र.नं. : ३५५१<br>साबिकको ठेगाना : जिलिङ-२, नुवाकोट<br>हालको ठेगाना : वि.न.पा.-४, विदुर, नुवाकोट |  | नुवाकोट जिल्ला भैरवी-९ को ठाकुरप्रसाद खतिवडाको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता कायम भएको कित्ता नं.१०१२ को ५-९-०-२ (२८३३.८४) क्षेत्रफल भएको जग्गा । |
| २. | **ऋणीको नाम थर : कृष्णबहादुर नेपाली**<br>बुबाको नाम : चन्द्रबहादुर नेपाली<br>बाजेको नाम : कर्णबहादुर नेपाली<br>ना.प्र.नं. : ७३५<br>साबिकको ठेगाना : तुप्चे-१, सोले, नुवाकोट<br>हालको ठेगाना : वि.न.पा.-७, तुप्चे, नुवाकोट |  | नुवाकोट जिल्ला साबिक तुप्चे वडा नं.-१ को कृष्णबहादुर नेपालीको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता भएको कित्ता नं.१८१४ को ०-५-३-१ (१८४.८२), तुप्चे वडा नं.-१ को कित्ता नं.१८१६ को १-७-१-० (७३९.२६), तुप्चे वडा नं.-१ को कित्ता नं.१८१८ को १-१३-१-३ (९३६.००) र तुप्चे वडा नं.-१ कित्ता नं.१८२० को ०-९-१-२ (२९८.०९) क्षेत्रफल भएको जग्गा । |
| ३. | **ऋणीको नाम थर : भक्तबहादुर नेपाली**<br>बुबाको नाम : कृष्णबहादुर नेपाली<br>बाजेको नाम : भक्तराम नेपाली<br>ना.प्र.नं. : ९४०६<br>साबिकको ठेगाना : वागेश्वरी-१, नुवाकोट<br>हालको ठेगाना : वि.न.पा.-४, बट्टार, नुवाकोट |  | नुवाकोट जिल्ला विदुर नगरपालिका वडा नं.-२ को भक्तबहादुर नेपालीको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता भएको कित्ता नं.५०४७ को ०-७-०-१ (२२५) र विदुर नगरपालिका वडा नं.-२ को कित्ता नं.४७८८ को ०-४-२-१ (१४५.८०) क्षेत्रफल भएको जग्गा । |
| ४. | **ऋणीको नाम थर : पार्वती अधिकारी**<br>बुबाको नाम : बलबहादुर बस्नेत<br>ससुराको नाम : कमलबहादुर अधिकारी<br>श्रीमानको नाम : ईश्वरकुमार अधिकारी<br>ना.प्र.नं. : २५३०१७/१०९<br>ठेगाना : विनपा-७, तुप्चे, नुवाकोट |  | नुवाकोट जिल्ला वि.न.पा.-६ को पार्वती अधिकारीको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता भएको कित्ता नं.१७७७ को ०-४-०-० (१२७.१८) क्षेत्रफल भएको जग्गा । |
| ५. | **ऋणीको नाम थर : रूद्रप्रसाद अधिकारी**<br>बुबाको नाम : सर्वानन्द अधिकारी<br>बाजेको नाम : धनप्रसाद अधिकारी<br>ना.प्र.नं. : ३९०८<br>साबिकको ठेगाना : तुप्चे-४, रातमाटे, नुवाकोट<br>हालको ठेगाना : वि.न.पा.-७, तुप्चे, नुवाकोट |  | नुवाकोट जिल्ला साबिक तुप्चे वडा नं.-४ को रूद्रप्रसाद अधिकारीको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता कायम भएको कित्ता नं.२९ को १-२-१-१ (५८२.२७), तुप्चे वडा नं.-४ को कित्ता नं.१६१८ को १-५-०-० (६६७.७२) र तुप्चे वडा नं.-४ को १७६७ को ०-११-०-० (३४९.७६) क्षेत्रफल भएको जग्गा । |
| ६. | **ऋणीको नाम थर : रूद्रबहादुर तामाङ**<br>बुबाको नाम : जितबहादुर तामाङ<br>बाजेको नाम : सनमान तामाङ<br>ना.प्र.नं. : २२४२<br>साबिकको ठेगाना : गणेशस्थान-३, नुवाकोट<br>हालको ठेगाना : सुर्यगढी गा.पा.-५, नुवाकोट |  | नुवाकोट जिल्ला साबिक गणेशस्थान वडा नं.-१ को रूद्रबहादुर तामाङको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता कायम भएको कित्ता नं.७३२ को ०-५-१-२ (१७०.८८) र गणेशस्थान वडा नं.-१ को कित्ता नं.७२८ को ३-९-२-० (१८२८.२३) क्षेत्रफल भएको जग्गा । |
| ७. | **ऋणीको नाम थर : चुडाराज गजुरेल**<br>बुबाको नाम : दिनानाथ गजुरेल<br>बाजेको नाम : रामप्रसाद गजुरेल<br>ना.प्र.नं. : ६२४१९<br>ठेगाना : वि.न.पा.-५, पिपलटार, नुवाकोट |  | नुवाकोट जिल्ला विदुर नगरपालिका वडा नं.-५ को चुडाराज गजुरेलको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता कायम भएको कित्ता नं.११०३ को १-४-१-१ क्षेत्रफल भएको जग्गा । |
| ८. | **ऋणीको नाम थर : रामेश्वर दाहाल**<br>बुबाको नाम : लेखनाथ दाहाल<br>बाजेको नाम : मिनराज दाहाल<br>ना.प्र.नं. : २७९६५<br>साबिकको ठेगाना : दुईपिपल-२, नुवाकोट<br>हालको ठेगाना : बेलकोटगढी न.पा.-६, दुईपिपल, नुजि |  | नुवाकोट जिल्ला साबिक झिल्टुङ वडा नं.-२ को रामेश्वर दाहालको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता कायम भएको कित्ता नं.१२०९ को १-९-२-१ (८१२.७४), झिल्टुङ वडा नं.-२ को कित्ता नं.१२०७ को १-२-०-० (५७२.३२) र झिल्टुङ वडा नं.-२ को कित्ता नं.१२०२ को १-३-२-० (६२०.०१) क्षेत्रफल भएको जग्गा । |

**लिलामीका शर्त तथा बन्देज :**
१) बोलपत्र फाराम यस संस्थाको कार्यालयबाट कार्यालय समयभित्र रू.५००/- (पाँच सय रूपैयाँ मात्र) फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिने छ ।
२) सिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भईसक्नुपर्नेछ । म्याद नाघी वा रित नपुगी आएको शर्तसहितको बोलपत्र उपर कुनै कारबाही गरिने छैन । प्राप्त सिलबन्दी बोलपत्र प्रकाशित सूचनाको ३६औं दिनको २:०० बजेसम्म बोलपत्र पेश गर्ने र सोही दिनको ३:०० बजे संस्थाको कार्यालयमा खोलिने छ ।
३) बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन आकस्मिक विदा परेमा विदाको लगत्तै संस्था खुलेको दिन बोलपत्र बुझाउन/खोल्न सकिने छ ।
४) बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के-कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्टरुपमा लेखिएको हुनुपर्नेछ ।
५) बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम ग्लोवल आई.एम.ई बैंक विदुर शाखाको खाता नं.१०८०१०१००००००२ मा बुझाएको सक्कल भौचर सिलबन्दी बोलपत्रसाथ समावेंश गरी पेश गर्नुपर्नेछ ।
६) बढी रकम कबोल गर्नेको बोलपत्र स्विकृत भएमा सो सूचनाको जानकारी दिएको ७ दिनभित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया अगाडि बढाउनुपर्नेछ, उक्त बाँकी रकम तोकिएको म्यादभित्र नबुझाएमा धरौटीवापत रहेको १० प्रतिशत रकम श्वत : जफत हुनेछ ।
७) लिलाम बोल/कबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै, लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाईने छैन ।
८) ईच्छुक खरिदकर्ताले खरीद गर्न चाहेको सम्पत्ति जहाँ जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न, हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनुहुने महानुभावले यस संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९) उल्लिखित सम्पत्ति लिईसकेपछि सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुनेछ । संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।
१०) उक्त लिलाममा राखेको सम्पतिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानीय कर (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने ब्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११) सिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै, बोलपत्र सम्बन्धी अन्य शर्त बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।
१२) कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्द गर्ने वा बोलपत्र स्विकृत गर्ने/नगर्ने वा नेगोसिएसन गर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहने छ ।
१३) धितो बन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दाको अवस्थामा समेत संस्थाको सम्पूर्ण असुलउपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुलउपर गरिने छ ।

**पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साबिकमा संस्थाबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनि कहीँ-कतै उजुरबाजुर गर्न पाउनुहुने छैन ।**